" कला संस्कृतियुक्त स्वच्छ, समुन्नत टोखा नगर"

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

पत्र संख्या :- ०८०/८१

चलानी नं :-

मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

---

### लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियानमा टोखा नगरपालिकाको आह्वान

**२०८० मंसिर ९ गते (25 Nov, 2023)**

महिला विरुद्ध हुने हिंसाले आज पनि विश्वव्यापी रुपमा जरा गाडेको छ। विद्यमान सामाजिक, आर्थिक, राजनितिक र सांस्कृतिक संरचनाका कारण नेपालमा महिलाले अनेक खाले हिंसा सहनु परेको अवस्था छ।

हरेक वर्ष नोभेम्वर २५ देखि डिसेम्वर १० सम्म विश्वभर लैङ्गिक हिंसा विरुद्धको १६ दिने अभियान मनाउने गरिएको छ। सन् १९८० को दशक देखिनै विभिन्न मुलुकले महिलामाथि हुने हिंसा विरुद्धको दिवश मनाउँदै आएको भएपनि सन् १९९९ मा संयुक्त राष्ट्र संघले यसको अनुमोदन गरेपछि महिलामाथि हुने हिंसा विरुद्धको विभिन्न अभियान शुरु भएको ईतिहाँस रहेको छ। नेपाल सरकारले हरेक वर्ष नोभेम्वर २५ मा महिला हिंसा विरुद्धको राष्ट्रिय अभियान दिवशको रुपमा मनाउने निर्णय गरेको छ। यस वर्ष टोखा नगरपालिकामा पनि "लैङ्गिक हिंसा अन्त्यको सुनिश्चितताः महिला र वालवालिकामा लगानीको ऐक्यवद्धता" भन्ने राष्ट्रिय नाराका साथ टोखा नगरपालिका भित्र हिंसा अन्त्य गर्ने अभियानका लागि आह्वान गरिएको छ।

यो अभियानमा सबै पेशा, व्यवसायमा आवद्ध नागरिक समाज, सर्वसाधारण सबैलाई सहभागी हुन आह्वान गर्दछौं। महिलामाथि हुने हिंसा राष्ट्रिय मुद्दा हो, यो कुनै एक व्यक्ति वा परिवारको समस्या होईन भन्ने कुरालाई आत्मसात गर्दै अभियानले निम्न सन्देशहरुलाई अंगिकार गरेको छ।

- महिला विरुद्ध हुने हिंसा कुनैपनि अवस्था र परिस्थितिमा स्वीकार्य हुने छैन।
- महिला विरुद्ध हुने हिंसाको रोकथाम गर्नु प्रत्येक व्यक्तिको जिम्मेवारी हो।
- हिंसामुक्त घर/परिवार निर्माण गर्नु चुनौतीपूर्ण छ तर यो संभव र आवश्यक छ।

टोखा नगरपालिकाबाट पिडित तथा प्रभावितहरुका लागि उद्धार, राहत, कानुनी सहायता, स्वास्थ्य सेवा, कानुनी परामर्श, मनोसामाजिक परामर्श जस्ता सेवाहरु उपलब्ध गराईएको छ। लैङ्गिक हिंसा पिडितको मानव अधिकार संरक्षण तथा संवर्द्धनका लागि संवेदनशील र अग्रसर हुन टोखा नगरपालिका हरेक व्यक्ति, परिवार, समाज र सम्बन्धित सबै निकायलाई ऐक्यवद्धताका लागि आह्वान गर्दछौं।

अन्त्यमा, १६ दिने अभियानको पूर्ण सफलताको लागि शुभकामना व्यक्त गर्दछौं।

२०८० मंसिर ९ गते

| | | |
|---|---|---|
| श्री शेरबहादुर बि.सी. | श्री मुरारी तामाङ | श्री प्रकाश अधिकारी |
| प्रमुख प्रशासकीय अधिकृत | उपप्रमुख | प्रमुख |

Website: https://www.tokhamun.gov.np/ne ईमेल: info@tokhamun.gov.np फोन नं.: ०१-४९८५०१३